


**पुस्तकः** नेपाली बालसाहित्यको इतिहास (दोस्रो संस्करण)
**लेखकः** प्रमोद प्रधान
**प्रकाशकः** विवेक सिर्जनशील प्रकाशन प्रालि
**पृष्ठः** ३१६
**प्रकाशन मितिः** २०६१ (२०५७)
**मूल्यः** रु. २००/- (व्यक्तिगत),
रु. ५००/- (संस्थागत)
**ISBN:** 99946-43-32-0

बालसाहित्य बालबालिकाको उज्ज्वल भविष्य निर्माणसमेतको दायित्व रहेको साहित्यको एक विशिष्ट विधा हो । त्यस्तो विधाबारे प्रमोद प्रधान रचित *नेपाली बालसाहित्यको इतिहास*को दोस्रो संस्करण वि.सं. २०६१ चैतमा निस्केको छ । यसको पहिलो संस्करण बगर प्रकाशनद्वारा वि.सं. २०५७ मा आएको थियो । नेपाली बालसाहित्यको सिङ्गो विधालाई समेटेर यति विस्तृत र आधिकारिक रूपमा यसअघि कुनै पुस्तक निक्लेको थिएन । वास्तवमा भन्ने हो भने नेपाली बालसाहित्यको विवेचना फुटकर लेखहरूमै मात्र सीमित थियो । सिङ्गो विधाका बारेमा गरिएको विवेचनाको भर पर्दो पुस्तक भएकोले बजारमा यसको शीघ्र अभाव भयो र २०६१ मा यसको दोस्रो संस्करण अघिल्लोभन्दा दोब्बर आकार र सामग्रीसहित देखा पऱ्यो । अझै पनि यस क्षेत्रलाई सर्वाङ्गीण रूपमा ढाक्ने अर्को पुस्तक नभएकोले यस पुस्तकको महत्त्व स्वस्पष्ट छ ।

दोस्रो संस्करणमा “यो संस्करण पहिलो संस्करणभन्दा कलेवरका दृष्टिले मात्र फरक नभई थप सामग्रीको समावेश, विगतका त्रुटिहरूको सुधार एवं परिमार्जन, नयाँ तथ्यहरूको प्रविष्टि र बालसाहित्यिक लेखक, उनका कृति लगायतका सामग्री अद्यावधिक गरिनाका कारण पनि प्रशस्त फरक रहेको छ” (पृ. ८) भन्ने लेखकको आत्मस्वीकृति छ । नभन्दै यसमा अघिल्लो संस्करणमा नभएका धेरै कुरा थपिएका छन् । पुस्तकले बालसाहित्यसम्बन्धी सैद्धान्तिक चिनारी दिनाका साथै नेपाली बालसाहित्यको ऐतिहासिक तथा केही सर्जकहरूको जानकारी मुख्य रूपमा दिएको छ । पुस्तकमा विषय छुट्ट्याएर खण्ड वा परिच्छेद विभाजन गरिएको छैन तापनि भूमिका र सन्दर्भ सामग्री सूचीबाहेकका ११

*मिडिया अध्ययन* १: ३२०-३२४, २०६३

शीर्षकलाई सिद्धान्त, इतिहास र प्रतिभा चिनारीका रूपमा मुख्यतः तीन खण्डमा विभाजन गरी बाँकीलाई परिशिष्टमा राख्न सकिने देखिन्छ। पुस्तकको पहिलो प्रविष्टि 'प्राक्कथन' मा नेपालका बालबालिका र तिनको शैक्षिक अवस्थाको तथ्याङ्कसहित विवेचना छ। त्यसपछिका तीन शीर्षक बालसाहित्यको सैद्धान्तिक स्वरूपका झलकहरू हुन्। यिनले बालसाहित्यको पूर्ण सैद्धान्तिक स्वरूपलाई झल्काएका छैनन् तापनि बालसाहित्यको आधारभूत सैद्धान्तिक जानकारी भने दिएका छन्। बाल सिद्धान्तका रूपमा समाविष्ट तीन शीर्षक हुन् 'बालसाहित्यः प्रयोजन, आवश्यकता र उपयोगिता', 'बालसाहित्यः परिभाषा र दृष्टिकोण' र 'बालसाहित्य र बाल पाठ्यपुस्तकः केही समानता, केही भिन्नता'। पहिलो शीर्षकअन्तर्गत बालसाहित्य किन आवश्यक छ भन्ने बारेमा बुँदागत चर्चा छ, दोस्रोमा बालसाहित्यमा चासो राख्ने नेपालका थुप्रै लेखकहरूका भनाइहरू बालसाहित्यको परिभाषाका रूपमा सँगेलिएको छ र तेस्रो शीर्षकअन्तर्गत पाठ्यपुस्तकलाई पनि बालसाहित्य ठान्ने आम मानसिकता ठीक होइन भन्ने कुरा बुझाउने प्रयास छ। बालसाहित्यअन्तर्गतका विभिन्न विधा र विश्वसाहित्यमा नव विकसित विधाहरूको संरचनागत जानकारी पनि भएको भए यस पुस्तकले अधिकांश नेपाली बालसाहित्यकारको पुरातनपन्थी लेखनशैलीमा सुधार ल्याउन पनि मद्दत गर्न सक्थ्यो।

यसपछि विधागत रूपमा बालगीत/बालकविता, बालकथा, बालउपन्यास, बालएकाङ्की/बालनाटक, बालोपयोगी जीवनी, चित्रकथा/चित्रपुस्तक र अनुवाद बालसाहित्यको ऐतिहासिक विवेचना गरिएको छ भने त्यसलगत्तै 'केही प्रमुख बालसाहित्य लेखक' शीर्षकअन्तर्गत लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, देवकुमारी थापा, रमेश विकल, श्यामप्रसाद, ध्रुवकृष्ण दीप, शान्तदास, जनकप्रसाद हुमागाईं, देवीप्रसाद वनवासी, विश्वम्भर चञ्चल, परशु प्रधान, प्रेमा शाह, गोपाल पराजुली, कल्पना प्रधान, रामबाबु सुवेदी, दैवज्ञराज न्यौपाने र कवितारामको परिचयसहितको मूल्याङ्कन प्रस्तुत छ। नेपाली बालसाहित्यका थुप्रै सर्जकमध्ये लेखकले यहाँ १८ जनाको मात्र नाम चयन गर्नुमा सर्जकको बालसाहित्य सिर्जनाको अवधि, सङ्ख्या र तिनको प्रसिद्धिलाई लेखकले आधार बनाएका छन्।

प्रतिभा परिचय एवं मूल्याङ्कनको यो खण्ड नै पुस्तकको मूल भागझैँ देखिन्छ। पुस्तकको एक तिहाइ अंश यसै खण्डले ओगटेको छ। लेखकले माथि उल्लिखित बालसाहित्यकारहरूको परिचय दिने क्रममा उनीहरूका बालसाहित्येतर सिर्जनाहरूको पनि सामान्य जानकारी दिएका छन्। विशेषतः बालसाहित्यमा

उनीहरूको योगदानको सही मूल्याङ्कन गर्दै उनीहरूका गल्ती, कमजोरी र धृष्टताहरू पनि नधकाइकन स्पष्टतः उल्लेख गरी पाठकहरूलाई यथार्थ सूचना दिने प्रयास गरेका छन् । रमेश विकलका उही कथा उनका धेरै सङ्ग्रहमा पर्नु र कथाहरू थपघट गर्दै नयाँ संस्करणहरू निकालिनु (पृ. १६८); ध्रुवकृष्ण दीपका केही कविता बालोपयोगी नहुनु र उनका पछिल्ला सङ्ग्रहमा कविताहरू थपघट हुनाका साथै परिमार्जनका नाममा प्रायः सबै कवितामा संशोधन हुनु (पृ. १७८-१७९); जनकप्रसाद हुमागाईंका एउटा सङ्ग्रहभित्र परेको कुनै एक कथा छुट्टै कथा सङ्ग्रहको नाममा पनि प्रकाशित हुनु (पृ. १९६); देवीप्रसाद वनवासीका कतिपय पुस्तकको भाषाशैली उपयुक्त नभएको कुरामा सम्बन्धित लेखकको ध्यानाकर्षण गरिनु (पृ. २०४); गोपालप्रसाद पराजुलीको त्रुटिपूर्ण लेखनको सङ्केत दिइनु (पृ. २२३), उनको लेखाइमा गहकिलोपनको खाँचोको सुझाव दिइनु (पृ. २२३) र उनका कुनै कृतिको दोस्रो संस्करणमा सामग्री थपिएको सङ्केत दिइनु (पृ. २२४); कल्पना प्रधानका उहीउही कथा उनैका फरकफरक कथासङ्ग्रहमा समावेश हुनु (पृ. २२८) र उनले आफ्ना पतिले गद्यमा लेखेको एक लोककथालाई पद्यमा प्रस्तुत गरेको जानकारी दिइनु (पृ. २३२); रामबाबु सुवेदीको शब्दगत गलत प्रयोग औँल्याइनु (पृ. २३८) र उनले विदेशी कथाहरू बिना कुनै सङ्केत आफ्नो नाममा प्रकाशित गरेको जानकारी दिइनु (पृ. २४०) लगायतका उदाहरणले प्रमोद प्रधानले गरेका सूक्ष्म सङ्केतको तारिफ नगरी रहन सकिँदैन, जसबाट बालसाहित्यका सच्चा अनुसन्धाताहरूलाई आधारभूत जानकारी भएको छ। प्रमोद प्रधानका यस्ता सूक्ष्म दृष्टि र हक्की प्रस्तुति यस पुस्तकका उल्लेखनीय उपलब्धि हुन् ।

पुस्तकको पछिल्लो भागमा बालपत्रिका र बालसाहित्यमा लागिपरेका संस्थाहरूका प्रयत्नहरूको चर्चा छ। बालपत्रिकाहरूलाई 'पूर्ण बालपत्रिका' र 'आंशिक बालपत्रिका' भनेर विभाजन गरी पछिल्लो वर्गमा विद्यालयहरूले प्रकाशन गर्ने गरेका पत्रिकाहरूको सूची समावेश गर्ने प्रयास गरिएको छ । बालसाहित्यमा भएका संस्थागत प्रयासमा बालसाहित्यका प्रकाशक, पुरस्कार, विधागत पुस्तक, चित्राङ्कनकर्ता र यसमा समर्पित संस्था आदिको सूची र केहीको परिचय पनि दिइएको छ ।

यसरी पुस्तकलाई बढीभन्दा बढी सूचनामूलक बनाउने प्रयास गरिएको छ । प्रमोद प्रधान आफै एक वरिष्ठ पत्रकार भएका हुनाले आफ्नो पुस्तकमा सूचनाहरूलाई अद्यावधिक राख्ने उनको प्रयास प्रशंसनीय छ । यसै क्रममा उनले बालसाहित्यको सुरुआतको मिति (हाल मान्य वि.सं. १९५८) भन्दा ९ वर्षअघि प्रकाशित गङ्गाधर शास्त्री द्रविडको पुस्तकलाई मानेको कुरा भूमिकामा र पुस्तकको मूल कथ्यका

रूपमा पृ. ४४ मा उल्लेख छ । नेपाली बालसाहित्यको आरम्भका विषयमा थप केही कुरा यहाँ गर्नु प्रासङ्गिक हुन्छ । द्रविडको *गोरखा पहिलो किताब* (१९४९) को उल्लेख गर्ने पहिलो व्यक्ति अनुसन्धाता शरदचन्द्र शर्मा हुन् जुन स्रोत प्रधानले पनि उल्लेख गरेका छन् । नेपाली बालसाहित्यको आरम्भ विन्दुका रूपमा जयपृथ्वीबहादुर सिंहको *बालबोध १* (१९५८) को उल्लेख गर्ने पहिलो स्रोत त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान, नेपाली शिक्षण समितिमा प्रस्तुत 'नेपाली बालसाहित्यको सर्वेक्षण (सं. २०३५ सम्म)' शीर्षकको सर्वेक्षण प्रतिवेदन, २०४२ हो जुन त्रि.वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुरमा उपलब्ध छ । तर यस पछिल्लो कुराको स्रोतको उल्लेख पुस्तकमा छैन । जे होस्, *गोरखा पहिलो किताब* र *बालबोध १* दुवै पाठ्यपुस्तक हुन् । परन्तु पाठ्यपुस्तक बालसाहित्य होइन भन्ने चर्चा आलोच्य ग्रन्थमा पनि 'बालसाहित्य र बालपाठ्यपुस्तक केही समानता केही भिन्नता' शीर्षकअन्तर्गत भएको छ । अतः आजको नेपाली बालसाहित्यको उर्वर समयमा बालपाठ्यपुस्तकभन्दा भिन्दै सचेत रूपमा बालसाहित्य लेखिन थालेको मितिलाई नेपाली बालसाहित्यको आरम्भ मान्नुपर्ने हुन्छ । यस दृष्टिले *बालबोध १* (१९५८) र *गोरखा पहिलो किताब* (१९४९) दुवै नेपाली बालसाहित्य आरम्भ विन्दु ठहरिँदैनन् । बालसाहित्यका पुस्तकहरू ज्यादै कम भएको बेला गरिएका पुराना अनुसन्धानले बाल पाठ्यपुस्तकलाई पनि बालसाहित्यकै रूपमा समेटेर नेपाली बालसाहित्यको आरम्भ समय तय गरिएका हुन् । अहिले बालसाहित्य उर्वर रूपमा विकास भइसकेको छ । बाल पाठ्यपुस्तकबाहेकका अर्थात् विद्यालयका कक्षामा नपढाइने तर बालकहरूले स्वेच्छाले पढ्नका लागि बालकका निमित्त लेखिएका किताब कहिलेदेखि प्रस्ट रूपमा लेखियो सो मितिको अनुसन्धान गरी बालसाहित्यको थालनी मिति तय गरिनुपर्छ ।

जे होस्, प्रमोद प्रधानको आलोच्य पुस्तक नेपाली बालसाहित्यका बारेमा उपलब्ध एक मात्र ऐतिहासिक तथा समीक्षात्मक ग्रन्थ हो । यसमा लेखक प्रधानले विभिन्न विद्वान् तथा बालसाहित्यका अध्येताहरूका फुटकर रचना एवं बालसाहित्यकै मूल रचनाहरूको पर्याप्त अध्ययन गरी यो रचना तयार पारेको कुरा पुस्तकका पङ्क्तिपङ्क्तिले बकिरहेका छन् । यद्यपि यसमा अझै केही कमजोरीहरू छन्, जस्तैः कनकमणि दीक्षितका *धूमधामको घुमघाम, काउबूढी र अरू कथा* आदि रचना अङ्ग्रेजीबाट नेपालीमा अनूदित रचना हुन् । तर ती अनूदित रचनाको पङ्क्तिमा नपरी मौलिक रचनाअन्तर्गत चर्चा भएका छन् । यी रचनाका सन्दर्भमा कुरा के मात्र हो भने यसका लेखक कनकमणि दीक्षित

अङ्ग्रेजीमा लेख्ने नेपाली लेखक हुन् । यी किताबका नेपाली अनुवादक वसन्त थापा हुन् । त्यस्तै पृ. २१६ मा विवेच्य व्यक्तिलाई प्रयुक्त आदरार्थी शब्द विभिन्न स्तरका देखिन्छन् । पृ. १८६ मा कृष्णप्रसाद पराजुलीका रचनाको वर्गीकरणका लागि पनि नेपाली समालोचना परम्परामा गलत प्रचलनमा रहेको, एउटै कथा विभिन्न वर्गमा पर्न सक्ने खालको अवैज्ञानिक भ्रामक वर्गीकरण प्रणालीलाई नै अपनाइएको पाइन्छ ।

समीक्षा प्रक्रियामा नेपाली साहित्य समालोचनाको रुढ परम्परा नै बनिसकेको विवरणात्मक पद्धतिलाई नै यस पुस्तकले पनि पछ्याएको छ । समाज विज्ञानका विभिन्न ज्ञान नेपाली बालबालिकालाई समृद्ध बनाउनुपर्ने अहिलेको आवश्यकता हो । यसतर्फ नेपाली बालसाहित्य के कस्तो अवस्थामा छ भन्नेबारे विहङ्गम दृष्टिले सूक्ष्म अवलोकनतिर यो पुस्तक प्रवृत्त छैन । यसका लेखक स्वयं एक वरिष्ठ पत्रकार भएका नाताले गम्भीर पाठकले बालसाहित्यको खोज पत्रकारितामूलक आलोचनात्मक इतिहासको आशा राख्नु पनि स्वाभाविक छ । तर मुखले मात्र लङ्का मार्ने कामले सिन्को नभाँच्ने नेपाली विद्वान्हरूले बाउने ठूलाठूला मुखले यस ग्रन्थमा जे जस्तो सुकै कमीकमजोरी खुट्याउन सके पनि मेहनती लेखक प्रमोद प्रधानको यो ग्रन्थ नेपाली बालसाहित्यको इतिहासको उल्लेखनीय दस्तावेज हो । यस संस्करणमा भएका कमीकमजोरी पनि उनले अर्को संस्करणमा सच्याइने आशाका साथ अन्त्यमा अब बालपुस्तकालयको सूची पनि यस ग्रन्थमा थपिनुपर्ने बेला आएको सुझाव दिन चाहन्छु ।

**भिक्टर प्रधान**
सह प्राध्यापक
नेपाली केन्द्रीय विभाग, त्रिवि